दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक २२९ | बुटवल | २०८३ भदौ १५ गते, सोमबार | नेपाल संवत ११४६ | Monday August 31, 2026 | पृष्ठ ४ | मूल्य रु. १० मात्र | Lumbini

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका
प्रमुख शहरहरूमा पठाउनु परेमा
हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोनः- ०७१५४२५७१

एमालेले औंल्यायो
सरकारले तत्काल गर्नुपर्ने आठ काम

प्रतिवेदनमा विपदग्रस्त क्षेत्रको यथार्थ र सरकारी संयन्त्रको उपस्थितिबिच ठूलो खाडल रहेको भनेर पनि औंल्याइएको छ।

लुम्बिनी संवाददाता

बुटवल

नेकपा एमालेले रसुवामा गएको विनाशकारी बाढीका कारण उत्पन्न परिस्थितिमा सरकारले तत्काल गर्नुपर्ने आठ काम औंल्याएको छ।

भदौ १० गते रसुवाको भोटेकोसी नदीमा भीषण बाढी गएको थियो। उक्त बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरूका रसुवागढी, टिमुरे, स्याफ्रुवेशी, मैलुङ, बेत्रावती, त्रिशुली, ढुंगे, देवीघाटलगायतका बस्तीहरूमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको छ।

ती क्षेत्रको स्थलगत निरीक्षणका लागि एमालेका महासचिव शंकर पोखरेलको नेतृत्वमा एक टोली भदौ ११ गते नै नुवाकोटतर्फ प्रस्थान गरेको थियो। टोलीमा नेताहरू विष्णु रिमाल, राजन भट्टराई, कृष्णगोपाल श्रेष्ठ, विशाल भट्टराई, पार्वत गुरुङ, विनोद श्रेष्ठ, निरज आचार्य, अमित लामालगायत गएका थिए।

टोलीले स्थलगत निरीक्षण तथा घाइतेसँग भेटघाट गरेको थियो। टोलीले बाढीबाट अत्यधिक प्रभावित बनेको विदुर नगरपालिकास्थित ढुंगे बजार क्षेत्रको प्रत्यक्ष स्थलगत अवलोकन गरेको थियो।

यसैगरी, स्थानीय अस्पताल पुगी बाढीका घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै देवीघाट बजार क्षेत्रको बाढीग्रस्त अवस्थाको समेत निरीक्षण गरेको थियो।

साथै, महासचिव पोखरेलले बाढीले अति प्रभावित जिल्ला रसुवाकाबारे उपलब्ध व्यक्तिहरु संग जानकारी लिएका थिए।

यसआधारमा एमालेले 'राहत/उद्धारसम्बन्धी सुझाव प्रतिवेदन' तयार पारेको छ।

जसमा सरकारले तत्काल गर्नुपर्ने ८ काम औंल्याइएको छ। जसमा तीनवटै सुरक्षा निकाय र स्थानीय जनप्रतिनिधिहरूलाई समेटेर तुरुन्त एकीकृत 'कमान्ड पोस्ट' निर्माण गर्ने, मुख्य सडक नजोडिएसम्म वैकल्पिक माध्यम (जस्तैः तुइन, फलामे डोरी वा साना अस्थायी पुल) मार्फत् जोखिममा रहेका क्षेत्रहरूमा खानेपानी, औषधि र खाद्यान्न पुऱ्याउने रहेका छन् । यस्तै स्थलमार्ग खुलाउन निजी क्षेत्रका ठूला हेभी इक्युपमेन्टहरू (उपकरणहरू) परिचालन गरी युद्धस्तरमा काम गर्ने तथा नदी एवं ठूला खोलाहरूमा तत्काल बेलिब्रिज जडान गर्ने, टोखा शिवपुरी लिखु तादी सूर्यगडी- सरनथलि हुँदै नवकुण्ड कालिका धुन्चे सडक मर्मत गरी सञ्चालनमा ल्याउने,लिखु सूर्यगढी निस्केर जाने बाटो यस्को अर्को विकल्पको रुपमा प्रयोग गर्ने सुझाव एमालेले दिएको छ।

यस्तै धादिङवाट मध्यपहाडी राजमार्गबाट किस्पाङ, तारकेश्वर हुदै रसुवा जाने बाटो ममर्त गरी शीघ्र सञ्चालनमा ल्याउने, डुबान क्षेत्रको भग्नावशेष र दलदलमा दबेका शवहरूको खोजी कार्यलाई तीव्रता दिन थप जनशक्ति र आधुनिक उपकरण परिचालन गर्ने र जलविद्युत आयोजनाका सुरुङमा फसेका देशी तथा विदेशी कामदारहरुको शीघ्र उद्धार गर्नुपर्ने सुझाव एमालेले दिएको छ।

यस्तै राहत र उद्धारका लागि सुरक्षा निकायका अतिरिक्त कामको प्रकृतिका आधारमा नागरिक स्तरबाट स्वयंसेवकहरूलाई तत्काल परिचालन गर्ने तथा भोटेकोशी तथा त्रिशुली बाढीमा परी मृत्यु भएका र हराएकाहरुको स्मृतिमा पार्क निर्माण गर्नुपर्ने सुझाव एमालेले दिएको छ।

मानवीय संकटको यस घडीमा राजनीति गर्ने वा प्रक्रियागत विलम्ब गर्ने छुट कसैलाई नरहेको भन्दै एमालेले सरकारको ध्यानाकर्षण गराएको छ।

सुझावसहितको प्रतिवेदन तयार पारेर निरीक्षण टोलीले आइतबार पार्टी अध्यक्ष केपी शर्मा ओलीलाई बुझाएको छ।

प्रतिवेदनमा विपदग्रस्त क्षेत्रको यथार्थ र सरकारी संयन्त्रको उपस्थितिबीच ठूलो खाडल रहेको भनेर पनि औंल्याइएको छ।

यसैबीच नेकपा एमालेले विपद्पछिको जमिनको यथार्थ र सरकारी संयन्त्रको उपस्थितिबिच ठूलो खाडल देखिएको बताएको छ।

रसुवाको भोटेकोशी र त्रिशुली नदीमा आएको बाढी प्रभावित क्षेत्रको स्थलगत निरीक्षणपछि एमालेले यस्तो खाडल देखेको हो।

'सरकारले उद्धारको काम गरिरहेको छ । नुवाकोटको विदुरमा नेपाली सेनाको तालिम केन्द्रलाई बेसक्याम्प बनाएर नेपाली सेनाको कमान्डमा हवाई उद्धारको काम भइरहेको देखिनु सकारात्मक पक्ष हो,' प्रतिवेदनमा भनिएको छ- 'तर, जमिनको यथार्थ स्थिति र सरकारी संयन्त्रको उपस्थितिबिच ठूलो खाडल देखिएको छ।'

भदौ १० गते रसुवाको भोटेकोसी नदीमा भीषण बाढी गएको थियो। उक्त बाढीबाट रसुवा, नुवाकोट, धादिङलगायतका जिल्लाहरूका रसुवागढी, टिमुरे, स्याफ्रुवेशी, मैलुङ, बेत्रावती, त्रिशुली, ढुंगे, देवीघाट लगायतका बस्तीहरूमा ठूलो मानवीय तथा भौतिक क्षति पुगेको छ।

ती क्षेत्रको स्थलगत निरीक्षणका लागि एमलेका महासचिव शंकर पोखरेलको नेतृत्वमा एक टोली भदौ ११ गते नै नुवाकोटतर्फ प्रस्थान गरेको थियो । टोलीमा नेताहरू विष्णु रिमाल, राजन भट्टराई, कृष्णगोपाल श्रेष्ठ, विशाल भट्टराई, पार्वत गुरुङ, विनोद श्रेष्ठ, निरज आचार्य, अमित लामा लगायत रहेका थिए।

टोलीले स्थलगत निरीक्षण तथा घाइतेसँग भेटघाट गरेको थियो । टोलीले बाढीबाट अत्यधिक प्रभावित बनेको विदुर नगरपालिकास्थित ढुंगे बजार क्षेत्रको प्रत्यक्ष स्थलगत अवलोकन गरेको थियो।

यसैगरी, स्थानीय अस्पताल पुगी बाढीका घाइतेहरूको स्वास्थ्य अवस्थाबारे जानकारी लिनुका साथै देवीघाट बजार क्षेत्रको बाढीग्रस्त अवस्थाको समेत निरीक्षण गरेको थियो।

साथै, महासचिव पोखरेलले बाढीले अति प्रभावित जिल्ला रसुवाकाबारे उपलब्ध व्यक्तिहरूसँग जानकारी लिएका थिए।

यसआधारमा एमालेले 'राहत/उद्धारसम्बन्धी सुझाव प्रतिवेदन' तयार पारेको हो । जसमा विपद्ग्रस्त क्षेत्रको यथार्थ स्थिति र अनुभूति फरक रहेको भनिएको छ। यहाँनेर समन्वयको अभाव देखाइएको छ।

'भयाभह संकटको समयमा सुरक्षा निकायहरूबिच अपेक्षित समन्वय र सहकार्यको कमी देखिन्छ' प्रतिवेदनमा भनिएको छ- 'गृह मन्त्रालय र जिल्ला प्रशासनले राहत र उद्धारको प्रभावकारी कमान्ड सम्हाल्न सकेका छैनन् । नेपाली सेनासँग स्थानीय प्रशासन र जनप्रतिनिधिहरूको सहज पहुँच स्थापित हुन सकेको छैन ।' साथै सडक सञ्जाल विच्छेद भएको विषयलाई पनि प्रतिवेदनमा समेटिएको छ।

अगाडि भनिएको छ-'त्रिशूली नदिको पारिको क्षेत्रमा पुग्ने मुख्य सडक (लाइफलाइन) पूर्णतः विच्छेद भएको छ र अहिलेसम्म पुनःसञ्चालन हुन सकेको छैन। जसका कारण ती क्षेत्रहरूमा स्वयंसेवक र राहत सामग्री पुग्न सकेका छैनन् ।'

एमालेका निरीक्षण टोलीका अनुसार उद्धारमा कठिनाइ छ। 'अलपत्र परेका र बाढीबाट विस्थापितहरूको संख्या ठूलो भएकाले तत्काल सबैतिर हवाई उद्धार सम्भव देखिएको छैन। त्यसमाथि, हेलिकप्टरको सीमितता र प्रतिकूल मौसमले समस्या थप गम्भीर बनाएको छ।'- प्रतिवेदनमा उल्लेख छ।

सञ्चार र स्थलमार्गको अवरोधको विषयलाई पनि समेटिएको छ। प्रतिवेदनमा भनिएको छ- 'विद्युत् र सञ्चार सेवा अवरुद्ध हुँदा सूचना आदानप्रदान ठप्प छ। उनीहरूलाई स्थलमार्गबाट उद्धार गर्ने वा राहत पुऱ्याउने भरपर्दो योजना बन्न सकेको छैन। स्वास्थ संस्थाहरुमा जनताको पँहुच जटील बनेको छ।'

विस्तापित र विचल्लिमा परेकाहरुको संख्या ठुलो रहेका कारण हवाई मार्गवाट उद्धार गर्न असम्भव देखिएको हुँदा स्थलमार्गवाट उद्धारको व्यवस्था गर्ने सरकारको योजना अझै नबनेको एमालेले औंल्याएको छ।

बाढीग्रस्त क्षेत्रमा सांसदहरू जथाभावी जाने हैन : लामिछाने

बुटवल । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले सांसदहरूलाई अनावश्यक रूपमा बाढी प्रभावित क्षेत्रमा नजान निर्देशन दिएको छ।

केही सांसद तथा नेताहरू प्रभावित क्षेत्रमा पुगेर खिचेको फोटोका कारणले सामाजिक सञ्चालनमा आलोचना भएपछि रविले सचेत गराएका हुन्।

सभापति रवि लामिछानेले पार्टीका शीर्ष नेताहरूको छलफलमा पनि यसबारेमा चासो राखेका थिए। पार्टीको तर्फबाट अहिलेसम्म भए गरेका कामबारे ब्रिफिङ लिएपछि सभापति लामिछानेले अत्यावश्यकबाहेक प्रभावित क्षेत्रमा नजान भनेका हुन्।

रास्वपाकी सचेतक क्रान्तिशिखा धितालले पनि विपद् प्रभावित क्षेत्रका सांसदहरूलाई मात्रै सम्बन्धित क्षेत्रमा जान भनेकी छन्।

उनले सांसदहरूलाई भनेकी छन्- 'अन्य सांसदहरू भने अहिले अनावश्यक रूपमा प्रभावित क्षेत्रमा जानेभन्दा आफ्नो स्थानबाट समन्वय र सहयोगमा ध्यान दिनुहोला । विशेष गरी, बाढी वा विपद्का दृश्यहरू खिच्ने, फोटो/भिडियो सामाजिक सञ्जालमा राख्ने काम नगर्नुहोला।'

देश गम्भीर दुर्घटनातर्फ धकेलिरहेको छ : लिङ्देन

मोहम्मद हबिब

भैरहवा

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का केन्द्रीय अध्यक्ष राजेन्द्र लिङ्देनले नेपालका प्रमुख राजनीतिक दलहरू र तिनका नेताहरूप्रति नेपाली जनतामा तीव्र वितृष्णा बढेको बताएका छन्।

रुपन्देहीको भैरहवामा आयोजित राप्रपाको सातौँ जिल्ला अधिवेशनलाई सम्बोधन गर्दै अध्यक्ष लिङ्देनले देशको राजनीति र अर्थतन्त्र केही सीमित दलहरूको कारण सङ्कटमा परेको र यसले देशलाई गम्भीर दुर्घटनातर्फ धकेलिरहेको बताए।

अध्यक्ष लिङ्देनले आफूले यसअघि नै संसद र सार्वजनिक मञ्चहरूबाट देश गलत दिशामा गइरहेको भनी चेतावनी दिँदै आएको स्मरण गराउँदै नेपाली जनतामा नेपालका राजनीतिक नेताप्रति कुनै सम्मान भाव नभरहेको जनाए। राजनीतिज्ञहरूप्रति वितृष्णा बढ्दै छ र यो वितृष्णा अत्यन्तै खतरनाक हुन्छ । मैले पहिले भनेका कुराहरू अहिले समयक्रममा प्रमाणित हुँदै गएको उल्लेख गरे र

केही सीमित दलहरूले सिण्डिकेट खडा गरेर देशको शासन प्रणाली र अर्थतन्त्र कब्जामा लिएको आरोप लगाउँदै उनले राजनीतिक दल र नेताहरू समयमै नसच्चिए जनता स्वयंले उनीहरूलाई सत्ताबाट ढाल्ने दिन धेरै टाढा नरहेको टिप्पणी गरे।

विगतमा संसदको रोस्ट्रममा उभिएर ठूला दलका भूतपूर्व प्रधानमन्त्री तथा नेताहरूले आफूहरूलाई कसैले ढाल्न नसक्ने दम्भ देखाएको चर्चा गर्दै लिङ्देनले अहिलेको अदालतका निर्णय र जनआक्रोशले उनीहरूको त्यो दम्भ गलत साबित गरिदिएको बताए। देश अहिले एउटा स्पष्ट दिशा समात्न नसकी अझ ठूलो र अँध्यारो सुरुङभित्र पसेको जस्तो भएको र अगाडि के छ भन्ने नै नदेखिने खतरनाक बाटोतर्फ अघि बढेको उनको भनाइ थियो।

यस्तो जटिल र अनिश्चित राजनीतिक परिस्थितिमा देश र जनतालाई जोगाउने सम्पूर्ण जिम्मेवारी राप्रपाको काँधमा आएको अध्यक्ष लिङ्देनले जनाए।

» *बाँकी ३ पेजमा*

सिद्धार्थ पब्लिकेशन(प्रा.लि.)द्वारा प्रकाशित
विश्वसनीय समाचारको
विश्वासिलो साथी
दैनिक
लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक
अनलाइन संस्करण lumbinipatrika.com
स्वतन्त्र र निष्पक्ष
जनताको लोकप्रिय पत्रिका
निजी क्षेत्रबाट निरन्तर प्रकाशित नेपालको राष्ट्रिय दैनिक 'दैनिक लुम्बिनी'
सत्य, तथ्य र विश्वसनीय समाचारको माध्यमबाट जनअपेक्षी समाज र समृद्ध
राष्ट्र निर्माणमा समर्पित।
स्वतन्त्र
कुनै पनि राजनीतिक वा आर्थिक स्वार्थबाट स्वतन्त्र रही सत्यको पक्षमा।
निष्पक्ष
सबै पक्षलाई समान दृष्टिले हेर्ने निष्पक्ष र वस्तुनिष्ठ पत्रकारिता।
जनताको लोकप्रिय
जनतासँग नजिक, जनताको कुरा उठाउने, जनविश्वासको प्रतिक।
तथ्यपरक समाचार, गहन विश्लेषण र सशक्त सम्पादकीयका साथ
तपाईंको भरोसा, हाम्रो प्रतिबद्धता
राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समाचार
गहन विश्लेषण र अनुसन्धान
समाज, अर्थतन्त्र, राजनीति, शिक्षा, स्वास्थ्य र खेलकुद
फोटो समाचार र विशेष रिपोर्ट
विचार, सम्पादकीय र साहित्य
सम्पर्क | ०७१-५३०६४०, ५३७६४० | WWW.lumbininews@gmail.com | बुटवल-११, माझगाउँ रूपन्देही, लुम्बिनी प्रदेश,नेपाल

सम्पादकीय

तहगत सरकारबिच समन्वयको खोजी

भोटेकोसी नदीमा बाढी आएको पाँच दिन बित्यो, उद्धार र राहतमा ढिलाइ हुँदा पीडित परिवारको आक्रोश बढेको छ । नेपाली सेना, सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको टोलीले उद्धार र राहतका लागि गरेको काम प्रशंसनीय छ, तर महाविपत्तिको बेला उनीहरुको काम पर्याप्त हुन सकेको छैन ।

सरकार दुईवटा निर्णय कार्यान्वयन गर्न चुकेको छ । पहिलो प्रदेश र स्थानीय तहसँग समन्वय र सहकार्य फितलो छ । तहगत सरकारबिच समन्वय र सहकार्य भएन् भने विपत व्यवस्थापन प्रभावकारी हुन्न । दोस्रो बेलैमा सुरुङभित्र फसेका व्यक्तिको उद्धारको लागि विज्ञ टोली भारत र चीनबाट ल्याउन ढिलाइ भयो । चौतर्फी दबाब भएपछि अहिले बल्ल भारत र चिनियाँ टोलीले काम गरिरहेको छ । अहिले विभिन्न विद्युत् आयोजनाको सुरुङभित्र फसेकाको यकिन तथ्याङ्क नभए पनि जलविद्युत आयोजनाका ९ सय ३३ जना सम्पर्कबाहिर छन् । सरकारले तत्काल र दीर्घकालका लागि गर्नुपर्ने काम सूची बनाएर अघि बढाउनुपर्नेछ, त्यसका लागि आन्तरिक र बाह्य दुवैतिर समन्वय र सहकार्य आवश्यक छ । सरकार आफैले यो विपत व्यवस्थापन संभव छैन् । स्रोतको व्यवस्थापनका लागि दातृ निकायको सहयोग विना संभव नभएकोले दातृ निकायसँग सहयोगको लागि आग्रह गर्दै विश्वासको वातावरण बनाउन आवश्यक छ । दातृ निकायले दिएको सहयोग प्राथमिकताको आधारमा खर्च गर्दा नतिजा देखिन सक्छ । प्राथमिकता दाताको होइन्, हाम्रा आवश्यकताको आधारमा हुनुपर्छ ।

अहिले देखिएको समस्या भनेको प्रभावित परिवारले राहत पाएनन् । बाढीबाट ज्यान बचाएकाहरु खान नपाएर मर्न नपरोस्, त्यसका लागि राज्य छ भन्ने विश्वास नागरिकलाई दिन सक्नुपर्छ । रसुवामा सञ्चार सम्पर्क विच्छेद छ, त्यहाँ राहत पुग्न नसकेको पालिका प्रमुखहरुले जानकारी गराइरहेका छन् । राहत व्यवस्थापन र वितरणको लागि प्रदेश र पालिकालाई जिम्मा दिँदा छरितो र व्यवस्थित हुन्छ । संविधानले तहगत सरकारको जिम्मेवारी तोकेको छ, संघीय सरकारले प्रदेश र स्थानीय तहलाई बेवास्ता गर्दा विपत व्यवस्थापन गर्न संभव छैन । सुरुदेखि नै समन्वयमा ध्यान दिएको भए राहत कुनै ठाउँमा गएर थुप्रदैनथ्यो । पालिकाहरुले योजना बनाएर काम गरिसक्थे । संघीय सरकारले बेवास्ता गर्दाकै कारण अहिले बाढी प्रभावितको आक्रोश चुलिएको छ । कोभिड महामारीमा तहगत सरकारसँगको समन्वयले महामारीविरुद्ध जुध्न संभव भएको थियो । संघीय सरकारले प्रदेश सरकारसँग समन्वय गरेको थियो । प्रदेश सरकारले कोभिडविरुद्ध प्रतिकार्यका लागि पालिकाहरुलाई रकम पठाएको थियो । यो मोडलबाट पनि विपत व्यवस्थापन गर्न सकिन्छ । कोभिड महामारीविरुद्ध त्यसबेला तहगत सरकारबिच प्रभावकारी समन्वय भएझैं अहिले विपत प्रभावित क्षेत्रमा तहगत सरकारबिच नतिजामुखी समन्वयको खाँचो छ । केन्द्रीकृत मानसिकताले संघीय सरकारले विपतसँग जुध्न सक्तैन् । मुलुक संघीय संरचनामा गएकाले संघीयताको व्यवहारिक कार्यान्वयन गर्न सरकार चुक्नुहुन्न ।

जोखिममुक्त नेपाल त सम्भव नहोला, जोखिमप्रति सचेत नेपाल सम्भव छ

डा. कोमलराज अर्याल

यही भदौ १० गते बिहान चीनको तिब्बत-रसुवा सीमा क्षेत्रबाट आएको विनाशकारी बाढीलाई एक पटकमात्र हुने असामान्य प्राकृतिक घटनाका रूपमा बुझेर अगाडि बढ्नु ठूलो भूल हुनेछ । नेपालको भौगोलिक अवस्था, हिमालयको चलायमान प्रकृति, ऐतिहासिक अभिलेख र विगतका विपद्का घटनालाई हेर्दा उत्तर-पश्चिम भारतदेखि नेपाल हुँदै भुटानसम्म फैलिएको हिमाली भूभाग लामो समयदेखि बहुप्रकोपीय जोखिमको क्षेत्रमा रहँदै आएको देखिन्छ ।

बुधबारको घटना पक्कै पनि असाधारणरूपमा विनाशकारी छ । तर, हिमालयमा भूकम्प, पहिरो, आकस्मिक बाढी, नदी थुनिएर उत्पन्न हुने बाढी तथा अन्य चरम प्राकृतिक घटनाको इतिहास नयाँ भने होइन ।

त्यसैले अहिलेको हाम्रो पहिलो दायित्व खोज, उद्धार र प्रभावित मानिसको जीवनरक्षा गर्नु हो । तर त्यससँगै एउटा कठिन प्रश्न पनि सोध्नुपर्छ - यस्ता घटना दोहोरिन सक्ने ऐतिहासिक र वैज्ञानिक सङ्केत हुँदाहुँदै पनि हामी किन अझै विपद् आएपछि मात्र सक्रिय हुन्छौं ?

घाम लागेको बिहान अचानक आएको बाढी

यस घटनाको सबैभन्दा चाखलाग्दो पक्षमध्ये एउटा यसको आकस्मिकता हो । प्रारम्भिक विवरणअनुसार रसुवाको सदरमुकाम आसपास वर्षा भएको थिएन । स्थानीय प्रशासनले नै "यहाँ पानी परेको छैन, घाम लागेको छ" भन्ने अवस्था हुँदाहुँदै बाढी अचानक आएको जनाएको छ । बाढीको वास्तविक उत्पत्ति र भौतिक प्रक्रिया वैज्ञानिकरूपमा पूर्ण स्थापित हुन बाँकी छ ।

यसले हाम्रो परम्परागत जोखिम बुझाइलाई चुनौती दिएको छ। आफू बसेको ठाउँमा पानी परेको छैन भन्दैमा हिमाली नदीमा बाढी आउँदैन भन्ने हुँदैन । हिमालयमा जोखिम 'अपस्ट्रिम' बाट उत्पन्न हुन सक्छ । हिमतालको अस्थिरता, हिउँ वा चट्टानको ठूलो भाग खस्नु, पहिरोले नदी अस्थायी रूपमा थुन्नु, त्यसबाट बनेको प्राकृतिक बाँध अचानक फुट्नु वा यस्ता एकभन्दा बढी प्रक्रिया जोडिनुले तलका बस्तीमा वर्षा नभएको अवस्थामा समेत अचानक ठूलो बाढी ल्याउन सक्छ । यही कारणले हिमाली क्षेत्रमा हाम्रो पूर्वसूचनाको अभ्यास ('अर्ली वार्निङ फिलोसोफी) नै परिवर्तन गर्नुपर्ने देखिन्छ । मौसम पूर्वानुमान मात्र पर्याप्त हुँदैन । नदी, हिमताल, हिमनदी, पहिरो, भूसतह परिवर्तन र माथिल्लो जलाधार (अपस्ट्रिम क्याचमेन्ट)लाई एकीकृत रूपमा निगरानी गर्ने प्रणाली आवश्यक छ ।

काँगडा भूकम्पले दिएको ऐतिहासिक चेतावनी

हिमालयको जोखिम बुझ्न अहिलेको घटनालाई मात्र हेरेर पुग्दैन इतिहासतिर पनि फर्कनुपर्छ । यसको एउटा महत्त्वपूर्ण उदाहरण ४ अप्रिल १९०५ को विनाशकारी काँगडा भूकम्प हो ।

तत्कालीन ब्रिटिस भारतको उत्तर-पश्चिम हिमाली क्षेत्रमा गएको उक्त भूकम्पले काँगडा, धर्मशाला, पालमपुरलगायतका क्षेत्रमा व्यापक विनाश गरेको थियो । ऐतिहासिक तथा वैज्ञानिक अभिलेखमा करिब २० हजार मानिसको मृत्यु भएको उल्लेख पाइन्छ । पछि भारतको भौगर्भिक सर्भेले यसको वैज्ञानिक अध्ययन गऱ्यो । भूकम्पसँग सम्बन्धित जमिनको चिरा, पहिरो तथा अन्य सतही प्रभावसमेत दस्ताबेजीकरण गरिए ।

आजभन्दा १२० वर्षअघि भएको त्यो विपद् र आजको रसुवा बाढी एउटै प्रकृतिका घटना होइनन् । तिनका कारण र भौतिक प्रक्रिया फरक छन् । तर दुवैले एउटै ठूलो कुरा सम्झाउँछ- हिमालय स्थिर भूभाग होइन । यो भौगोलिक र भूगर्भीयरूपमा अत्यन्त गतिशील तथा बहुप्रकोपीय क्षेत्र हो ।

ब्रिटिस लाइब्रेरीका अभिलेखमा भेटिएको अर्को महत्त्वपूर्ण इतिहास

यस विषयमा अर्को रोचक ऐतिहासिक पक्ष मैले हालै लन्डनस्थित ब्रिटिस लाइब्रेरीमा अध्ययन गरेका अभिलेखमा पनि भेटेको छु । ब्रिटिस लाइब्रेरीको 'इन्डिया अफिस रेकर्ड एन्ड प्राइभेट पेपर्स' अन्तर्गत 'बेरिल मारियन डगलस ली वार्नर पेपर्स' मा 'गाइडेड डेस्टिनी' नामक संस्मरण सुरक्षित छ । यसमा भारतमा बिताइएका प्रारम्भिक वर्ष तथा उनका पिता कर्नेल आर्थर हेनरी ब्लिस ह्युम (रोयल इन्जिनियर्स) ले भारतमा गरेको सर्भेसम्बन्धी विवरण समेटिएका छन् । यसमा सन् १८९८ देखि १९४५ सम्मको अवधि समेटिएको छ ।

मैले अध्ययन गरेका यस्ता ऐतिहासिक सामग्रीमा सन् १९१४-१९१८ आसपास तत्कालीन सिन्धु क्षेत्र र त्यससँग सम्बन्धित भूभागमा अचानक देखिएका जलमौसमीय तनाव तथा स्थानीय सङ्कटका सन्दर्भहरू पनि भेटिन्छन् ।

यी अभिलेख आज किन महत्त्वपूर्ण छन् ? किनभने यिनले हामीलाई हिमालय र यससँग जोडिएका ठूला नदी प्रणालीमा अचानक आउने प्राकृतिक तथा जलमौसमीय चरम घटनाको इतिहास एक शताब्दीभन्दा पुरानो विवरण बुझ्न सहयोग गर्छन् । तर यहाँ वैज्ञानिक सावधानी आवश्यक छ । सन् १९०५ को काँगडा भूकम्प, १९१४-१९१८ का ऐतिहासिक जलमौसमीय घटना र आजको तिब्बत-रसुवा बाढीलाई एउटै कारणबाट उत्पन्न भएको भनेर जोड्नु वैज्ञानिकरूपमा उचित हुँदैन । बरु यी फरक फरक घटनाले एउटा साझा तथ्यतर्फ सङ्केत गर्छन्- हिमालय र यससँग जोडिएका नदी प्रणाली ऐतिहासिकरूपमै प्राकृतिक जोखिमका दृष्टिले अत्यन्त संवेदनशील छन् ।

त्यसमाथि आजको जलवायु परिवर्तनले कतिपय जलमौसमीय जोखिमको तीव्रता, स्वरूप र सम्भावनामा थप परिवर्तन ल्याइरहेको हुनसक्छ । त्यसैले हामीले इतिहास र आधुनिक विज्ञानलाई एकअर्काको विकल्प होइन पूरकका रूपमा प्रयोग गर्नुपर्छ ।

इतिहासले विगतको जोखिम कहाँ थियो भन्ने बताउँछ । आधुनिक विज्ञानले जोखिम अहिले कसरी विकसित भइरहेको छ भन्ने देखाउँछ । सही शासन र पूर्वतयारीले त्यो ज्ञानलाई जीवन बचाउने कार्यमा रूपान्तरण गर्छ ।

मानवीय क्षतिको वास्तविक परिमाण अझै स्पष्ट छैन

यो लेख तयार पार्दासम्म खोज तथा उद्धार कार्य जारी छ । त्यसैले मृतक र बेपत्ताको अन्तिम संख्या अहिले नै निश्चित रूपमा भन्न सकिने अवस्था छैन । प्रारम्भिक अन्तर्राष्ट्रिय र नेपाली विवरणमा ठूलो संख्यामा मानिस बेपत्ता रहेको र त्यसमा विदेशी पर्यटक तथा तीर्थयात्रीसमेत रहेको देखिन्छ ।

यस अवस्थामा जिम्मेवार जोखिम विश्लेषणले दुईवटा कुरा एकैसाथ गर्नुपर्छ– पुष्टि भएका तथ्यलाई तथ्यकै रूपमा प्रस्तुत गर्ने र सम्भावित 'वर्स्ट केस सिनारियो' लाई पूर्वतयारीका लागि बेवास्ता नगर्ने ।

प्रभावित भूभागको विस्तार, नदीकिनारका बस्तीमा भएको विनाश, सडक र पुलको व्यापक क्षति, सम्पर्कविहीन क्षेत्र, सीमापार तिब्बती भूभागमा परेको प्रभाव, पर्यटक तथा तीर्थयात्रीको ठूलो आवागमन र अझै सम्पर्कमा आउन नसकेका मानिसको अवस्थालाई समग्रमा हेर्दा अन्तिम मानवीय क्षति अहिले पुष्टि भएको सङ्ख्याभन्दा धेरै माथि जान पनि सक्छ । यस सम्भावनालाई गम्भीरतापूर्वक लिनुपर्छ ।

विपद् जोखिम अध्ययन गर्ने अनुसन्धानकर्ताका रूपमा, अहिले उपलब्ध सीमित प्रारम्भिक सूचनाका आधारमा मेरो परिदृश्यमा आधारित व्यावसायिक मूल्याङ्कनमा सबैभन्दा गम्भीर अवस्थामा नेपाल र सीमापार प्रभावित क्षेत्रको समग्र मानवीय क्षति २ हजारभन्दा माथि पनि पुगसक्ने सम्भावना देखिएको छ ।

यो संख्या मृत्यु पुष्टि भएको तथ्य होइन । यो सरकारी तथ्याङ्क पनि होइन। खोज तथा उद्धार पूरा नभएसम्म वास्तविक सङ्ख्या थाहा हुँदैन । यो सम्भावित उच्च क्षति परिदृश्य हो जसलाई विपद् व्यवस्थापन र मानवीय सहायता योजना बनाउँदा विचार गर्नुपर्ने मेरो प्रारम्भिक विश्लेषण हो ।

त्यसैगरी प्रभावित क्षेत्रमा ठूलो सङ्ख्यामा विदेशी पर्यटक तथा तीर्थयात्री रहेको तथ्यलाई हेर्दा विदेशी नागरिकमाथि पनि असाधारण प्रभाव परेको हुन सक्छ । प्रारम्भिक विवरणहरूमा सयौं विदेशी सम्पर्कविहीन रहेको देखिएकाले विदेशी नागरिकको मृत्यु वा बेपत्ताको सङ्ख्यासमेत अत्यन्त ठूलो हुन सक्ने सम्भावनालाई खोज तथा पहिचान प्रक्रिया सम्पन्न नहुँदासम्म खुला राख्नुपर्छ । तर पुष्टि नभएको अवस्थामा 'करिब ४५० विदेशीको मृत्यु भयो' भनेर तथ्यका रूपमा प्रस्तुत गर्नु अहिले उचित हुँदैन ।

के यो सन् २०१५ पछिको सबैभन्दा ठूलो विपद् हो ?

नेपालले पछिल्लो दुई दशकमा धेरै गम्भीर प्राकृतिक विपद् सामना गरेको छ । तीमध्ये सन् २०१५ को गोरखा भूकम्प र त्यसपछिका शक्तिशाली परकम्पहरू मानवीय, सामाजिक, आर्थिक र पूर्वाधार क्षतिका हिसाबले असाधारण थिए ।

तिब्बत-रसुवा बाढीको पूर्ण क्षति मूल्याङ्कन हुन बाँकी भएकाले यसलाई अहिले नै "२०१५ पछिको दोस्रो ठूलो विपद्" घोषणा गर्नु हतारो हुनेछ। तर मानवीय क्षति उच्च परिदृश्यतर्फ गयो र अहिले देखिएको पूर्वाधार, ऊर्जा, व्यापार, पर्यटन तथा जीविकोपार्जनको क्षति थप पुष्टि हुँदै गयो भने यो सन् २०१५ को गोरखा भूकम्पपछि नेपालले सामना गरेका सबैभन्दा गम्भीर बहुआयामिक विपद्मध्ये एउटा बन्न सक्छ । अतः यसको मूल्याङ्कन मृतकको सङ्ख्याबाट मात्रै गर्नु हुँदैन । आधुनिक विपद् प्रभाव विश्लेषणमा मृत्यु र घाइतेसँगै विस्थापन, सडक र पुल, ऊर्जा, व्यापार, पर्यटन, जीविकोपार्जन, वित्तीय क्षति, सामाजिक संरचना, वातावरणीय प्रभाव र समुदायको दीर्घकालीन पुनरुत्थान क्षमता (रिकभरी क्यापासिटी) समेत हेर्नुपर्छ।

आर्थिक क्षति भत्किएका पुल र सडकको मूल्यमात्र होइन । यस विपद्को अर्को अत्यन्त गम्भीर पक्ष यसको आर्थिक समयावधि हो । नेपालको प्रमुख चाडपर्वको मौसम सुरु हुन केही समयमात्र बाँकी छ । यही समयमा सीमापार व्यापार, आन्तरिक उपभोग, यातायात र स्थानीय बजारको गतिविधि बढ्ने गर्छ ।

तर अहिलेको बाढीले नेपाल-चीन व्यापारसँग जोडिएको महत्त्वपूर्ण सडक सञ्जाल, पुल, जलविद्युत् आयोजना, बजार तथा अन्य पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको प्रारम्भिक विवरणले देखाउँछ ।

रसुवागढी एउटा सीमावर्ती बस्तीमात्र नभएर नेपाल-चीन व्यापार, पर्यटन, कैलाश मानसरोवर यात्रा, स्थानीय बजार, यातायात र जलविद्युत् अर्थतन्त्रसँग जोडिएको रणनीतिक आर्थिक कोरिडोर हो ।

सडक विभागको प्रारम्भिक विवरणअनुसार बेत्रावतीदेखि रसुवागढी सीमासम्मको करिब ४२ किलोमिटर सडक विभिन्न स्थानमा बाढीबाट क्षतिग्रस्त भएको छ र धेरै पुल बगेका छन् । त्यस्तै प्रारम्भिक सरकारी अनुमानले पूर्वाधार क्षति अत्यन्त ठूलो हुनसक्ने देखाएको छ । जलविद्युत् आयोजनाहरू पनि गम्भीररूपमा प्रभावित भएका छन् । तर विपद् अर्थतन्त्रमा एउटा कुरा बुझ्न अत्यन्त आवश्यक छ– भौतिक क्षति र आर्थिक क्षति एउटै कुरा होइनन् । पुलको लागत हिसाब गर्न सकिन्छ । सडक पुनर्निर्माणको बजेट बनाउन सकिन्छ । जलविद्युत् आयोजनाको उपकरणको मूल्य निकाल्न सकिन्छ । तर स्थानीय पसलेले गुमाएको ग्राहक, होटलले गुमाएको पर्यटन सिजन, चालकले गुमाएको रोजगारी, परिवारले गुमाएको बचत, व्यापारीले तिर्नुपर्ने ऋण, किसानले गुमाएको बजार र एउटा क्षेत्रलाई 'असुरक्षित' भनेर बनेको दीर्घकालीन धारणा पैसामा तुरुन्त हिसाब गर्न सकिँदैन ।

पुनर्निर्माण पाँच वर्षमा होला, पुनरुत्थानलाई १०–१५ वर्ष लाग्न सक्छ

यसैले 'रिकन्स्ट्रक्सन' (पुनर्निर्माण) र 'रिकभरी' (पुनरुत्थान) लाई एउटै कुरा ठान्नु हुँदैन । सडक, पुल र भवन केही वर्षमा पुनर्निर्माण हुन सक्छन् तर स्थानीय अर्थतन्त्र, व्यापारिक विश्वास, पर्यटन, जीविकोपार्जन, पारिवारिक आर्थिक सुरक्षा र सामाजिक सञ्जाललाई विपद्अघिको अवस्थामा फर्काउन धेरै समय लाग्न सक्छ ।

विशेष गरी ठूलो मानवीय क्षति, लामो समयसम्म यातायात अवरोध, पर्यटनमा गिरावट र स्थानीय व्यवसायमा व्यापक क्षति पुष्टि भएमा प्रभावित अर्थतन्त्र तथा समुदायको पूर्ण सामाजिक-आर्थिक पुनरुत्थान १० देखि १५ वर्षसम्म लम्मिन सक्ने जोखिमलाई पुनरुत्थान परिदृश्य (रिकभरी सिनारियो)का रूपमा अहिलेदेखि नै मूल्याङ्कन गर्नुपर्छ ।

तर यो पनि निश्चित भविष्यवाणी भने होइन । यसको अवधि सरकारी नीति, पुनर्निर्माणको गति, वित्तीय सहायता, निजी क्षेत्रको पुनर्लगानी, पर्यटनको पुनरागमन र स्थानीय समुदायको 'रिकभरी क्यापासिटी'मा निर्भर हुन्छ । त्यसैले पुनर्निर्माणको लक्ष्य पुरानो अवस्था पुनःस्थापित गर्नुमात्र हुनु हुँदैन । हामीले पुरानै जोखिम पुनर्निर्माण गर्ने नभएर पहिलेभन्दा सुरक्षित समाज निर्माण गर्ने हो ।

विपद्पछि उद्धारका साथै विपद्अघि तयारी

आज विज्ञान र प्रविधिले हामीलाई एक शताब्दीअघिको तुलनामा असाधारण क्षमता दिएको छ । वैज्ञानिक सेन्सर, मौसम तथा जलवायु अनुगमन, स्याटेलाइट अब्जर्भेसन, नदीको बहाव मापन, हिमताल तथा हिमनदी निगरानी, पहिरोको निगरानी, जोखिम नक्साङ्कन र प्रारम्भिक चेतावनी प्रणालीबाट धेरै प्रकारका जोखिमलाई पहिलेभन्दा राम्रोसँग पहिचान गर्न सकिन्छ ।

भूकम्पको ठ्याक्कै समय पूर्वानुमान गर्न नसकिए पनि 'सिस्मिक रिस्क म्यापिङ', सुरक्षित भवन, भूउपयोग योजना र समुदायको पूर्वतयारीबाट क्षति उल्लेखनीय रूपमा कम गर्न सकिन्छ ।

तर प्रविधि काठमाडौंको कुनै सरकारी कार्यालयको कम्प्युटरमा देखिने सुन्दर नक्सा भएरमात्र पुग्दैन । प्रविधिको वास्तविक सफलता त्यतिबेला हुन्छ जब जोखिममा रहेको गाउँको मानिसले समयमै 'खतरा आउँदै छ, अब यो बाटोबाट सुरक्षित स्थानमा जानुहोस्' भन्ने सूचना पाउँछ ।

खोलाको ठाउँ खोलालाई नै दिनुपर्छ

नेपालमा हामीले नदी र खोलाको प्राकृतिक क्षेत्रमाथिको मानवीय हस्तक्षेप जस्तो अर्को कठिन विषयमा पनि गम्भीर बहस गर्नुपर्छ । खोलानाला र नदीको प्राकृतिक बहाव क्षेत्रमा जथाभावी बस्ती तथा पूर्वाधार निर्माण गर्नु हुँदैन । उच्च जोखिमयुक्त 'फ्लडप्लेन' र नदीको प्राकृतिक विस्तार क्षेत्रलाई सकेसम्म खुला राख्नुपर्छ ।

विकासका नाममा जलमार्ग साँघुरो बनाउने, नदी अतिक्रमण गर्ने वा पर्याप्त जोखिम अध्ययन नगरी सडक, होटल, बजार, जलविद्युत् वा अन्य संरचना निर्माण गर्दा आजको विकास भोलिको विपद् बन्न सक्छ ।

हरेक स्थानीय तहमा 'बहुविपद् जोखिम नक्साङ्कन' हुनुपर्छ । कुन ठाउँ बाढीको जोखिममा छ ? कुन ठाउँ पहिरोको जोखिममा छ ? भूकम्प आएपछि कुन खुला ठाउँ सुरक्षित हुन्छ ? बाढी आएमा कुन उद्धार मार्ग प्रयोग गर्ने ? वृद्धवृद्धा, बालबालिका र अपाङ्गता भएका नागरिकलाई कसरी निकाल्ने ? यी प्रश्नको उत्तर विपद् आएको बिहान खोज्ने होइन । स्थानीय मानिसलाई वर्षौंअघि नै थाहा हुनुपर्छ ।

ताइवानबाट नेपालले के सिक्न सक्छ ?

यस सन्दर्भमा नेपालले ताइवानबाट पनि धेरै कुरा सिक्न सक्छ । नेपालजस्तै ताइवान पनि भूकम्प, पहिरो, बाढी र शक्तिशाली आँधी तुफानजस्ता प्राकृतिक जोखिमसँग निरन्तर सामना गर्ने भौगोलिक रूपमा संवेदनशील क्षेत्र हो ।

तर विज्ञान, सेन्सर प्रविधि, जोखिम अनुगमन, प्रारम्भिक चेतावनी, सुरक्षित पूर्वाधार, स्थानीय सरकारको तयारी र नागरिक सचेतनामा गरिएको निरन्तर लगानीले त्यहाँ जोखिमसँग व्यवस्थितरूपमा सामना गर्ने क्षमता विकास गर्न सहयोग गरेको छ ।

नेपालले ताइवानलगायत समान जोखिम सामना गर्ने देश तथा क्षेत्रसँग सेन्सर प्रविधि, पूर्वसूचना प्रणाली, जोखिम नक्साङ्कन, लचिलो बस्ती, स्थानीय विपद् तयारी तथा समुदायमा आधारित विपद् जोखिम न्यूनीकरणमा संस्थागत प्राविधिक सहकार्य बढाउन सक्छ । यो प्रविधि किन्ने विषयमात्र भने होइन । ज्ञान हस्तान्तरण, स्थानीय प्राविधिक क्षमता विकास, विश्वविद्यालयबीच अनुसन्धान, स्थानीय सरकारबीच सहकार्य र समुदायसम्म प्रविधिको प्रयोग पुऱ्याउने विषय हो ।

इतिहासदेखि एआईसम्मको जोखिम ज्ञान जोडौं

आज हामीसँग एउटा दुर्लभ अवसर छ । एकातिर ब्रिटिस लाइब्रेरीजस्ता संस्थामा एक सय वर्षभन्दा पुराना ऐतिहासिक अभिलेख छन् अर्कोतिर वास्तविक समय (च्भर्बा-तष्भ) सेन्सर, ठूलो डेटा र कृत्रिम बुद्धिमत्ता जस्ता आधुनिक प्रविधि छन् । अहिलेको मुख्य प्रश्न 'किन यी दुई संसारलाई जोडेर नहेर्ने ?' भन्ने हो । पुराना अभिलेखले कहाँ बाढी आयो, कहाँ पहिरो गयो, कहाँ नदीले बाटो परिवर्तन गऱ्यो र कहाँ समुदाय पटक पटक प्रभावित भयो भन्ने ऐतिहासिक सङ्केत दिन सक्छन् । आधुनिक प्रविधिले त्यही ठाउँमा अहिलेको भूमि प्रयोग, जनसंख्या, नदी, हिमनदी, वर्षा र पूर्वाधारको अवस्था विश्लेषण गर्न सक्छ ।

यसरी ऐतिहासिक जोखिम बुद्धिमत्ता र आधुनिक वैज्ञानिक जोखिम बुद्धिमत्तालाई जोडेर भविष्यको जोखिमलाई कम गर्ने उपाय खोज्न सकिन्छ । यसलाई इतिहासबाट जोखिम बुझ्ने र विज्ञानबाट भविष्यका लागि तयारी गर्ने दृष्टिकोण भन्न सकिन्छ ।

जोखिममुक्त नेपाल सम्भव नहोला तर जोखिमप्रति सचेत नेपाल त सम्भव छ । हिमालयमा बसेर पूर्णरूपमा जोखिममुक्त समाज निर्माण गर्छौं भन्नु यथार्थपरक हुँदैन । भूकम्प आउँछ । पहिरो जान्छ । नदीले बाटो परिवर्तन गर्छ । हिमाली प्रणाली बदलिन्छ । जलवायु परिवर्तनले कतिपय जोखिमलाई थप जटिल बनाउन सक्छ । तर त्यसको अर्थ हामी असहाय छौं भन्ने होइन । जोखिम कहाँ छ भन्ने थाहा भएको समाज बनाउन सकिन्छ । समयमै पूर्वसूचना पाउने समाज बनाउन सकिन्छ । नदीको प्राकृतिक क्षेत्रको सम्मान गर्ने विकास गर्न सकिन्छ । भूकम्पप्रतिरोधी भवन बनाउन सकिन्छ । बाढी आएमा कहाँ जाने भन्ने थाहा भएको गाउँ बनाउन सकिन्छ । स्थानीय सरकार, वैज्ञानिक, सुरक्षा निकाय र समुदाय एउटै जोखिम सूचना प्रणालीमा जोडिएको व्यवस्था बनाउन सकिन्छ ।

आज तिब्बत-रसुवा सीमाक्षेत्रको विपद्ले हामीलाई अत्यन्त पीडादायीरूपमा फेरि सम्झाएको छ – विपद्पछि प्रभावकारी उद्धार आवश्यक छ तर विपद्अघि जोखिम बुझ्नु, जोखिम घटाउनु र जीवन बचाउने तयारी गर्नु अझ महत्त्वपूर्ण हुन्छ ।

बाढी केही घन्टामा आउन सक्छ, तर त्यसको सामाजिक र आर्थिक प्रभाव एक दशकभन्दा लामो रहन सक्छ । त्यसैले आजको प्रश्न कति मानिसको मृत्यु भयो ? वा कति सम्पत्तिको क्षति भयो ? भन्नेमात्र नभएर यस घटनाबाट हामीले के सिक्यौं, र अर्को पटक हजारौं मानिसलाई जोखिममा पर्न नदिन आजैदेखि के परिवर्तन गर्दैछौं ? भन्ने हुनुपर्छ । इतिहासले जोखिमका सङ्केत दिन्छ । विज्ञानले ती सङ्केत बुझ्ने क्षमता दिन्छ । प्रविधिले समयमै चेतावनी दिन सक्छ । तर अन्ततः सही शासन, पूर्वतयारी र समुदायको सहभागितालेमात्रै त्यो ज्ञानलाई जीवन बचाउने कार्यमा रूपान्तरण गर्छ ।

बाह्रखरीबाट

किन पटक-पटक उमालेको दूध पिउनु हुँदैन ?

दूध राम्रोसँग उमाल्दा यसमा भएका हानिकारक सूक्ष्म जीवाणु नष्ट हुन्छन् भनिन्छ । तर, विचार पुऱ्याउनुपर्ने अर्को कुरा के हो भने दूध पटक-पटक उमालेर खाँदा शरीरलाई हानिसमेत पुऱ्याउन सक्छ ।

दूधलाई पटक-पटक उमाल्दा त्यसमा पाइने भिटामिन बी-१२, प्रोटिन र अन्य उपयोगी खनिज जस्ता महत्त्वपूर्ण पौष्टिक तत्त्वहरू नष्ट हुने पोषणविद्हरू बताउँछन् ।

धेरै पटक तताइएको वा डढेको दूध पिउँदा पाचन प्रक्रियामा गम्भीर असर पर्ने, पेट दुख्ने, ग्यास बन्ने र शरीरलाई पोषणको सट्टा हानि पुग्ने पोषणविद् अतुल उपाध्याय बताउँछन् ।

दूध उमाल्दा र सेवन गर्दा ध्यान दिनुपर्ने कुराहरू:

पोषणको नाशः पटक-पटक उमाल्दा दूधका प्राकृतिक भिटामिन र प्रोटिनको गुणस्तर बिग्रन्छ ।

पाचनमा समस्याः ओभरहिट (धेरै तातो) गरिएको वा धेरै बाक्लो र डढेको दूध पचाउन पेटलाई गाह्रो हुन्छ । एक पटक मात्र उमाल्नेः दूधलाई एक पटक राम्ररी उमालेर (३ मिनेटभन्दा बढी समय नलगाई) प्रयोग गर्नु सुरक्षित हुन्छ ।

सुरक्षित भण्डारणः उमालेको दूधलाई चिसो बनाएर फ्रिजमा राख्ने र आवश्यकता अनुसार एक पटक हल्का तातो बनाएर पिउने गर्नुपर्छ ।

दूध सेवनका फाइदा र अपनाउनुपर्ने सावधानीः

दूधमा मानव शरीरलाई चाहिने आवश्यक पोषक तत्त्वहरू हुन्छन् । दूधमा हड्डीदेखि दाँत बलियो बनाउनेसम्मका पोषण तत्त्व पाइन्छ । यसमा क्यालिसयम, फोस्फोरस, प्रोटिन, भिटामिन बी-१२, भिटामिन 'ए' लगायत स्वास्थ्यवर्धक तत्त्व पाइन्छ । तर, दूधलाई बारम्बार उमालेर खाएमा यी पौष्टिक तत्त्वहरू नष्ट हुन्छन् ।

प्रेस युनियन पाल्पाको १०औं अधिवेशन

पाल्पा। नेपाल प्रेस युनियन पाल्पा शाखाको १०औं जिल्ला अधिवेशन सम्पन्न भएको छ। अधिवेशनको नेपाली कांग्रेस पाल्पाका सभापति हिमाल दत्त श्रेष्ठले उद्घाटन गरे । नेपाली कांग्रेसका पाल्पाका सभापति हिमाल दत्त श्रेष्ठले लोकतत्रको सुन्दर पक्ष भनेको आवधिक निर्वाचन हो, त्यसैले प्रेस युनियनले नियमित अधिवेसन गरेर राम्रो गरेको बताए। प्रेस युनियनमा आवद्ध पत्रकारले पार्टीका सकारात्मक तथा पार्टी भित्रका नकारात्मक दुवै किसिमका समाचारहरू लेख्नुपर्ने पार्टी सभापती श्रेष्ठले बताए।

दलका नेताहरु कार्यकर्ताको भावनाभन्दा पनि विचौलियाको पछाडि लागेर काम गर्दा जनतामा निराशा आई समस्या आएको बताउँदै जिल्ला सभापति श्रेष्ठले राजनीतिक दलका नेताहरुले पत्रकारिता पेशा प्रति ध्यान नदिएको सभापति श्रेष्ठले स्वीकार गरे। प्रेस युनियन जस्ता संस्थाले विचार सिद्धान्त, संगठन र सामाजिक उत्तरदायित्वमा आधारित भएर काम गर्न उनले अनुरोध गरे।

प्रेस युनियनका केन्द्रीय उपाध्यक्ष माधव अर्यालले प्रेस युनियन नेपाली कांग्रेसको भातृ संगठन नभई शुभेच्छुक संस्था मात्र रहेको बताए। वर्तमान वालेन सरकारले संचारमाध्यमहरुलाई लाई दिँदै आएको लोककल्याणकारी विज्ञापन कटौतीको निर्णय फिर्ता लिन सरकारसँग युनियनका केन्द्रीय उपाध्यक्ष अर्यालले जोड दिए।

राष्ट्रिप स्वतन्त्र पार्टीका जिल्ला सभापति विष्णु भण्डारीले स्वतन्त्र पत्रकारितामा आच नआउने गरी काम गर्न पत्रकारहरुलाई अनुरोध गरे । रास्वपाका जिल्ला सभापति भण्डारीले पार्टी सभापति रवि लामिछाने पनि पत्रकारिता पेशाबाटै राजनीतिमा आएकोले पत्रकार समस्या समाधान हुनेमा विश्वास व्यक्त गरे।

नेकपा एमाले पाल्पाका सचिव रामजी पोखरेलले विभिन्न लोकतान्त्रिक परिवर्तनमा पत्रकारको महत्वपूर्ण भूमिका रहेपनी सत्तामा पुगेपछि राजनितिक दलले पत्रकारहरुलाई वेवास्ता गरेको बताए। पत्रकारले सत्य तथ्य निष्पक्ष भएर कलम चलाउनु पर्नेमा एमाले सचिव पोखेलले जोड दिए।

राष्ट्रिय प्रजातन्त्र पार्टी पाल्पाका अध्यक्ष डुलबहादुर कुँवरले सञ्चारमाध्यमले विगत समयदेखि पाउँदै आएको लोककल्याणकारी विज्ञापन कटौती गर्न नहुने बताए । हरेक पत्रकारले आस्था भन्दा माथी समाचार लेख्न राप्रपाका अध्यक्ष कुँवरले अनुरोध गरे।

राष्ट्रिय जनमोर्चा नेपाल पाल्पाका अध्यक्ष विशाल दर्लामीले सरकारले सञ्चार माध्यम तथा पत्रकारहरु विभिन्न बहानामा दबाब सिर्जना गरी त्रसित बनाउने काम गर्दै आएकोले यसको भण्डाफोर गर्न र पत्रकारहरुले गरेको आन्दोलनमा जनमोर्चाको साथ र सहयोग रहने बताए।

प्रेस युनियन पाल्पाका संस्थापक अध्यक्ष झपेन्द्र गहिरेले सरकारले बाटो बिराएकोले सच्चाउन रास्वपा जिल्ला सभापतिलाई ध्यान आकर्षण गराए । सबै दल एकजुट भएर प्रेस विरोधी गतिविधि रोक्नुपर्ने उनले बताए।

नेपाल पत्रकार महासंघ पाल्पाका अध्यक्ष कमलराज तिमिल्सेनाले राज्यको चौथो अंग प्रेसलाई बन्द गर्न दबाब दिने खालका नीति ल्याउने, विभिन्न किसिमका सरकारी विज्ञापन रोक्ने लोककल्याणकारी विज्ञापन कटौती गरेर सञ्चार माध्यमलाई धरासायी बनाई वर्तमान सरकारले नियोजित रुपमा मिडियालाई बन्द गर्न खोजेको बताए।

प्रेस युनियन पाल्पाका पूर्व अध्यक्ष जगदिश भट्टराईले बालेन सरकारले जनताको सूचनालाई ध्वस्त बनाउने काम गरेकोले जनताबाटै विरोध सुरु भएको बताए। मिडियाहरु बन्द गर्न सरकार पूर्णरुपमा लाग्दा समेत राजनीतिक दलले आवाज नसठाएकोमा दुःख लागेको बताए । नेपाल प्रेस युनियनका केन्द्रीय प्रतिनिधि प्रेमनारायाण आचार्यले प्रेस स्वतन्त्रता अभिव्यक्ति स्वतन्त्रता कुण्ठित हुने गरी वर्तमान सरकारले प्रेस विरोधी काम गर्दै आएको बताए। नेपाल ट्रेड युनियन कांग्रेस पाल्पाका सचिव लोकनाथ अधिकारी पत्रकारिता पेशालाई मर्यादित निष्पक्ष भएर काम गर्न अनुरोध गरे।

प्रेस चौतारी नेपाल पाल्पाका अध्यक्ष कृष्ण कार्कीले अहिले मिडिया संकटमा परेकोले सबै संघ संगठन मिलेर सरकारमाथि दबाब सिर्जना गर्नुपर्ने बताए। चौतारी अध्यक्ष कार्कीले स्थानीय सरकारले स्थानीय मिडियाको सवलीकरण र श्रमजिवी पत्रकारको हितमा काम गर्न अनुरोध गरे । वर्तमान सरकार मिडिया विरोधी रहेको उनले बताए। प्रेस सेन्टर पाल्पाका अध्यक्ष कृष्ण दर्नाललले लोकतन्त्र प्रजातन्त्र लाई स्थापित गर्न प्रेस युनियन संस्थाको महत्वपूर्ण भूमिका रहेको बताए । अहिले मिडियालाई खुम्चाउने काम बर्तमान सरकारबाट भएको उनले जनाए।

पाल्पा उद्योग वाणिज्य संघका अध्यक्ष समिरमान सिंहले निजी क्षेत्र र संचार क्षेत्र विच समधुर सम्बन्ध बनाएर काम गर्नुपर्नेमा जोड दिए।

पाल्पा व्यापार संघका अध्यक्ष विष्णुबहादुर कार्कीले पत्रकारले इमान्दार पूर्वक काम गर्न सुझाव दिए । उनले जनताको आस भरोसा बनेका पत्रकारले कसैले पनि औंला अठाउन नसक्ने गरी काम गर्ने अनुरोध गरे।

लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्ण प्रसाद पराजुलीले सकारात्मक सोंचका साथ काम गर्न, कलेजले सधैं पत्रकारसँग सहकार्य गरेर काम गर्दै आएको बताए । पुरस्कारदाता बुद्धिप्रसाद शर्माले पत्रकारको हौसल्ला बढाउन, आफूले अक्षयकोषको लागि रकम सहयोग गरेको बताए । कार्यक्रममा शाखा अध्यक्ष मन गहिरेले वार्षिक प्रतिवेदन प्रस्तुत गरेकी थिइन् । शाखामा ६१ जना सदस्य रहेका छन । उनले वर्षभरी गरेका गतिविधी जानकारी गराएकी थिइन । युनियनका जिल्ला अध्यक्ष मन गहिरेको सभापतित्वमा भएको कार्यक्रममा संस्थाका उपाध्यक्ष रामचन्द्र रायमाझीको स्वागत र सचिव विष्णु घिमिरेको संचालनमा १० जिल्ला अधिवेशन चलेको थियो।

१०औं जिल्ला अधिवेशनमा १२ जना प्रेसयुनियनकर्मी पुरस्कृत

नेपाल प्रेस युनियन पाल्पा शाखाको १०औं जिल्ला अधिवेशनमा १२ जना प्रेसयुनियनकर्मीहरु पुरस्कृत भएका छन् । संस्थाले पूर्णमान स्मृति पत्रकारिता पुरस्कारबाट माधव अर्याल, तिलकराम स्मृति पत्रकारिता पुरस्कारबाट सुनिल कार्की र दानबहादुर हिस्की, विकास पत्रकारिता पुरस्कार बाट सुमन कार्की, चोल कुमारी स्मृति पत्रकारिता पुरस्कारबाट भोजराज तिमिल्सेना र श्रीजनशिल पत्रकारिता पुरस्कारबाट मीना कुमाल पुरस्कृत भएका छन्।

यसैगरी प्रेस युनियन पाल्पाले श्रीजनशिल पत्रकारिता पुरस्कारबाट सन्तोष गहतराज, क्रियासिल पत्रकारिता पुरस्कारबाट प्रेरणा नेपाल, पाल्पाली ढाका पत्रकारिता पुरस्कारबाट लेखक दुर्गा अर्याल, लक्ष्मण घिमिरे स्मृति पत्रकारिता अनु खनाल, राजेन्द्र पन्थी स्मृति पत्रकारिता पुरस्कारबाट सीता पाण्डे र कृयासिल पत्रकारिता पुरस्कारबाट शोभा थापासहित १२ जनालाई नगद, प्रमाणपत्र पुरस्कारबाट पुस्स्कृत गरेको छ।

यसैगरी प्रेस युनियन पाल्पाले संस्थाका सल्लाहकार झपेन्द्र गहिरे, जगदिश भट्टराई, माधव अर्याल, प्रकाश नेपाल, कविराज नेपाल, भरत शर्मा, मुक्ति न्यौपानेलगायतलाई सम्मान गरेको छ।

प्रेस युनियन पाल्पालाई विभिन्न समयमा महत्वपूर्ण सहयोग गरेको अवसरमा संस्थाले नेपाली काग्रेस तानसेन वडा नं. १३ का पार्टी वडा सभापति किशोर भट्टराई, लुम्बिनी मेडिकल कलेजका कम्पनी सचिव कृष्णप्रसाद पराजुली, नेपाल उद्योग वाणिज्य महासंघका कोषाध्यक्ष एवं होटल व्यवसायी मोहन प्रसाद श्रेष्ठ लाई सम्मान गरेको छ। यसैगरी युनियनका सल्लाहकार जगदिश भट्टराईले पत्रकारिता कल्याणकारी राहतकोषका लागि २१ हजार रुपैयाँ सहयोग गरेका छन्।

‘शव व्यवस्थापन अस्थायी भण्डारण मात्रै हो अन्तिम संस्कार होइन’

नारायणगढ (चितवन) । भोटेकोसी बाढीमा परी मृत्यु भई त्रिशूली र नारायणी नदी किनारमा भेटिएका शवको व्यवस्थापनका सन्दर्भमा चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याललले अहिले भइरहेको प्रक्रिया ‘अन्तिम संस्कार’ नभई पहिचान नहुन्जेलका लागि अपनाइएको ‘अस्थायी व्यवस्थापन’ मात्र भएको प्रष्ट पारेका छन्।

विपद्का कारण उत्पन्न जटिल परिस्थिति र सम्भावित स्वास्थ्य सङ्क्रमणको जोखिमलाई ध्यानमा राख्दै अन्तरराष्ट्रिय मापदण्ड (आइसीआरसी) र सरकारी निर्देशिकाअनुसार शव व्यवस्थापन भइरहेको उनले जानकारी दिए।

आइतबार जिल्ला प्रशासन कार्यालयमा पत्रकार सम्मेलन गर्दै प्रमुख जिल्ला अधिकारी अर्याललले शव व्यवस्थापनामा भइरहेको कामका बारेमा प्रष्ट पार्दै भने-“यो दाहसंस्कार होइन, अन्तिम संस्कार होइन । शव पहिचान नहुन्जेलसम्मका लागि सम्मानजनक हिसाबले राखिएको अस्थायी संरक्षण प्रणाली हो । बाहिर राख्दा दुर्गन्धित भएर समाजमा सङ्क्रमक रोग फैलिन सक्नेतर्फ सचेत भएर हामीले कानुन बमोजिम र रेडक्रसको अन्तरराष्ट्रिय समितिको मार्गनिर्देशनलाई सम्मान गर्दै यो व्यवस्थापन गरेका हौं।”

चितवनका अस्पतालमा जम्मा ३० वटा शव राख्ने क्षमता भए पनि हालसम्म २७२ शव प्राप्त भइसकेकाले अन्य विकल्प नभएकाले शव गाड्ने निर्णयमा पुगेको प्रअिज अर्याललले बताए। उनका अनुसार प्राप्त २७२ शवमध्ये १० वटा आफन्तले जिम्मा लिइसकेका छन् भने अन्यको अस्थायी व्यवस्थापन गरिएको छ।

प्रत्येक शवको फोटो, ट्याग नम्बर र डिएनए नमूना सुरक्षित राखिएकाले पछि आफन्त आएमा शव उत्खनन गरी हस्तान्तरण गर्न सकिने व्यवस्था मिलाइएको उनले बताए। उनले थपे-“यदि भोलि कुनै आफन्त आएर फोटो र ट्यागका आधारमा डिएनए परीक्षण गर्न चाहनुहुन्छ र परीक्षण सफल हुन्छ भने हामी माथिबाट कोड नम्बर खोजेर शव उत्खनन गरी उहाँहरूलाई अन्तिम संस्कारका लागि हस्तान्तरण गर्नेछौं।”

प्रअिज अर्याललले अस्थायी होल्डिङ सेन्टर बनाउँदा र ‘एसी’ तथा ‘कम्प्रेसर’ जोड्दा लगातार आउने प्राविधिक समस्याका साथै अहिले शव सड्न थालेकाले शव गाड्ने विकल्प पुगेको स्पष्ट पार्नुभयो। उनले यो प्रक्रिया छनोट नभएर अन्तिम विकल्पको रूपमा बाध्यता अवस्थामा अपनाइएको बताए।

भरतपुर अस्पतालका प्रमुख मेडिकल सुपरिटेन्डेन्ट डा विश्वबन्धु बगालेले अस्पतालमा क्षमताभन्दा बढी शव आएकाले फोरेन्सिक जाँच र डिएनए नमूना सङ्कलनमा निकै चुनौती थपिएको बताए । अत्यधिक गर्मीका कारण शव छिटो कुहिन थालेपछि विशेषज्ञ चिकित्सकको टोली खटाएर तीव्र गतिमा अभिलेखीकरणको काम गरिएको उनले जानकारी दिए।

अस्पतालबाट महामारी फैलिने त्रासबारे प्रष्ट पार्दै डा. बगालेले भने-“शव परीक्षण गरिएका ठाउँबाट सिधै महामारी फैलिने जोखिम रहँदैन । सरसफाइ गर्दा निस्कने तरल पदार्थ पानीको मुहानमा नमिसियोस् भनेर छुट्टै खाल्डो खनेर सुरक्षित व्यवस्थापन गरेका छौं र दिनमा २५-३० पटकभन्दा बढी विषाणुरहित बनाउने औषधि छर्किएका छौं।”

उनका अनुसार अस्पतालमा नियमित प्रयोग हुने फ्रिजर २४ वटा मात्र उपलब्ध छन्। जसमा सामान्यतया पहिले दुईदेखि पाँच वटासम्म बेवारिसे वा दुर्घटनाका शव राखिएका हुन्छन्। एकैपटक धेरै शव आउँदा व्यवस्थापन गर्न गाह्रो भएको उनले बताए। भदौ १० गते बेलुका प्राप्त भएका २२ वटा शवलाई फ्रिजर, कोरिडोर तथा त्रिपालमुनि राखेर पहिलो दिन फोरेन्सिक प्रक्रिया पूरा गरी पठाइएको उनको भनाइ छ।

सङ्कलित डिएनए नमूनाको परीक्षण अस्पतालमा नभई नेपाल प्रहरीको समन्वयमा नेपाल प्रहरीको विधि विज्ञान प्रयोगशाला र राष्ट्रिय विधि विज्ञान प्रयोगशालामा हुने डा. बगालेले प्रष्ट पारे । सामान्यतया नेपालमा डिएनए परीक्षणको रिपोर्ट आउन ३० देखि ४५ दिनसम्मको समय लाग्ने भन्दै लामो समयसम्म शव त्यसै राख्न सम्भव नभएपछि अस्थायी व्यवस्थापन गरिएको उनले जानकारी दिए।

अस्पतालमा कार्यरत फोरेन्सिक विज्ञ डा. सुरज शर्माले समय बित्दै जाँदा शव अत्यधिक कुहिएर औंलाका छाप (फिङ्गरप्रिन्ट) समेत लिन नसकिने अवस्था सिर्जना भएकाले डिएनए नमूना सङ्कलन नै पहिचानको मुख्य आधार भएको बताए। दाँत र शरीरको लामो हड्डीबाट डिएनए नमूना निकालेर नेपाल प्रहरीलाई हस्तान्तरण गर्ने गरिएको उनले जानकारी दिए।

शवको पहिचानका लागि उचाइ, कपडा, कोठी वा विशेष चिह्नको सुक्ष्म अभिलेख राखिएको छ । शव कुहिएर दुर्गन्ध बढे पनि हालको व्यवस्थापनका कारण अस्पताल तथा आसपासको क्षेत्रमा सङ्क्रमण वा महामारी फैलिने जोखिम नरहेको उनले प्रष्ट पारे।

पहिचान हुन नसकेका शवलाई भविष्यमा आफन्तले पहिचान गर्न सक्ने गरी वैज्ञानिक विधिअनुसार चितवनको भरतपुर-१ स्थित देवघाट जङ्गलमा सुरक्षित व्यवस्थापन गरिएको फोरेन्सिक विज्ञ डा. शर्माले जानकारी दिए।

डब्लुएचओद्वारा एक लाख ५० हजार अमेरिकी डलर बराबरको सहयोग प्रदान

काठमाडौं । विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) ले नेपालमा आएको विनाशकारी बाढीबाट प्रभावित समुदायका लागि स्वास्थ्य सेवा उपचारका लागि एक लाख ५० हजार अमेरिकी डलर बराबरको सामग्री प्रदान गरेको छ।

डब्लुएचओले दक्षिणपूर्वी एसिया क्षेत्रीय स्वास्थ्य आपतकालीन कोषमार्फत् एक लाख ५० हजार अमेरिकी डलर बराबरको आपकालीन सहायता उपलब्ध गराएको हो।

“डब्लुएचओ नेपालमा आपतकालीन अवस्थाको प्रतिकार्य तथा पुनःस्थापनाका प्रयासहरूमा निरन्तर सहयोग गर्न प्रतिबद्ध छ।”- विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयका कार्यवाहक प्रमुख डा. निलेश बुद्धले भने। डब्लुएचओले भदौ १० गते बाढी आएको केही घण्टामै प्रभावित क्षेत्रका लागि अत्यावश्यक आपतकालीन स्वास्थ्य सामग्री पठाएको उनले जानकारी दिए।

यसअन्तर्गत करिब १० हजार जनालाई तीन महिनासम्म आवश्यक स्वास्थ्य सेवा उपलब्ध गराउन सक्ने आपतकालीन स्वास्थ्य सामग्री तथा पाल उपलब्ध गराइएको विश्व स्वास्थ्य सङ्गठन दक्षिणपूर्वी एसिया क्षेत्रीय कार्यालयले जनाएको छ। यस्तै डब्लुएचओले सर्जिकल मास्क, पञ्जा, ह्यान्ड स्यानिटाइजरलगायत अन्य अत्यावश्यक स्वास्थ्य सामग्री प्रभावित क्षेत्रमा पठाएको छ।

डब्लुएचओले बाढीपछि विभिन्न प्रकारका चोटपटक, झाडापखाला, श्वासप्रश्वाससम्बन्धी समस्या, पानी तथा खाद्यजन्य रोग, र वाहकजन्य रोगको जोखिमलगायत स्वास्थ्य समस्या बढ्न सक्ने भन्दै यसतर्फ समयमै सबै सचेत हुनुपर्नेमा जोड दिएको छ।

देश...

राप्रपाका नेता-कार्यकर्ताहरू अरू दल असफल भएपछि मात्र आफ्नो पालो आउँछ भनेर बस्न नहुने उल्लेख गर्दै उनले अहोरात्र खटेर देशलाई निकास दिनुपर्नेमा जोड दिए। राप्रपाको सफलता वा असफलता केवल एउटा पार्टी वा नेताको विषय मात्र नभई समग्र देशको भविष्य र सफलता-असफलतासँग गाँसिएको कुरा रहेको उनले जनाए।

प्राकृतिक विपत्ति र राजनीतिक अनिश्चितताका बिच राप्रपाको आगामी महाधिवेशनको सन्दर्भमा जिल्ला अधिवेशनहरू भइरहेको जानकारी दिँदै अध्यक्ष लिङ्देनले यी अधिवेशनहरू केवल अध्यक्ष वा केन्द्रीय सदस्य चुन्ने औपचारिक प्रक्रिया मात्र नभएको यो अधिवेशन देशलाई नेतृत्व र नयाँ निकास दिने बलियो राष्ट्रिय शक्ति निर्माणको अभियान भएको बताए । आफूले विगत ४ वर्षदेखि पार्टी अध्यक्षको रूपमा प्रस्तुत गरेका राजनीतिक दृष्टिकोण र भविष्यवाणीहरू अनुसार नै देशको राजनीति अगाडि बढेको उनले दाबी गरे।

सम्बोधनका क्रममा अध्यक्ष लिङ्देनले पुराना र असफल सिद्ध भइसकेका राजनीतिक दलहरूसँग सत्ताको लागि अवाञ्छित सहकार्य नगर्ने स्पष्ट पार्दै विगतमा प्रधानमन्त्री पदको अफर आउँदा समेत सिद्धान्तहीन राजनीति नगर्ने भन्दै त्यसलाई अस्वीकार गरेको प्रसङ्ग उल्लेख गरे । उनले आफूले राप्रपाका कार्यकर्ताको शिर झुक्ने कुनै काम नगरेको र भविष्यमा पनि नगर्ने प्रतिबद्धता जनाउदै चुनावी राजनीतिमा कहिलेकाहीँ समीकरण र ध्रुवीकरण हुनु स्वाभाविक भए पनि आफू कसैसँग नमिलेर र आफ्नै तागतमा चुनाव जितेर देखाउने सङ्कल्पका साथ अघि बढेको बताए। गत निर्वाचनमा आफ्नो क्षेत्रमा काँग्रेस, एमाले, माओवादी र एकीकृत समाजवादीको गठबन्धनको कुल मतभन्दा राप्रपाले एक्लै पाएको मत धेरै रहेको दाबी समेत गरे।

पार्टीभित्रको आन्तरिक अनुशासन र पछिल्ला गतिविधिबारे बोल्दै लिङ्देनले पार्टीको स्पष्ट निर्णय र निर्देशन विपरीत प्रदेश सरकार वा सत्ताको लोभमा पर्ने केही लोभीपापी तत्वहरूप्रति कडा आपत्ति जनाउदै पार्टीले सरकारमा नजाने निर्णय गरिसकेपछि त्यसलाई उल्लङ्घन गर्नु गम्भीर अनुशासनहीनता भएको भन्दै उनले संसदीय व्यवस्था र दलीय प्रणाली बचाउनका लागि पनि यस्ता प्रवृत्तिलाई चिनेर किनारा लगाउनुपर्ने बताए।

काँग्रेस र एमालेले केन्द्रदेखि प्रदेशसम्म मिलेर सरकार बनाई सत्ताको फोहोरी खेल दोहोऱ्याएको आरोप लगाउँदै लिङ्देनले त्यत्रा ठूला परिवर्तन र जनताको आक्रोशपछि पनि ठूला भनिने दलहरूले नचेतेको बताए। राप्रपा विगतमा विभाजित नभएको भए र ५१ सालको जनमतपछि सही ढङ्गले अघि बढेको भए आज देशले गणतन्त्र, धर्मनिरपेक्षता र सङ्घीयता जस्ता बोझहरू व्यहोर्नु पर्ने अवस्था नआउने दाबी उनको रहेको थियो। विगतका विभाजनका अन्तिम अवशेषहरू अझै बाँकी रहेको भए पनि अब राप्रपा एकताबद्ध भएर उठ्ने र देशको नेतृत्व सम्हाल्ने विश्वास व्यक्त गर्दै लिङ्देनले सम्पूर्ण कार्यकर्ताहरूलाई उच्च मनोबलका साथ संगठन निर्माणमा जुट्न आह्वान गरे।

कार्यक्रममा राप्रपाका सहायक महामन्त्री तथा प्रतिनिधिसभा सदस्य ताहिर अली भाटले गत प्रतिनिधि सभा निर्वाचन अघि पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनलाई प्रधानमन्त्रीको उम्मेदवार घोषणा गर्न सकेको भए यस्तो हालत नहुने बताए । उनले रुपन्देहीमा राप्रपा बलियो शक्तिको रुपमा रहेको जनाए।

कार्यक्रममा राप्रपाका केन्द्रीय सदस्य ध्रुव रायमाझी, तोयानाथ लम्साल, लुम्बिनी प्रेस क्लबका अध्यक्ष कमल रायमाझी, राप्रपा पश्चिम नवलपरासीका अध्यक्ष रामभवन यादव, रुपन्देही जिल्ला सचिव बलराम शर्मा, रुपन्देही क्षेत्र नम्बर १ का अध्यक्ष माधवप्रसाद रिमाल, तिलोत्तमा नगरपालिका अध्यक्ष चेतनारायण कंडेल, नेता अजय कुमार गुप्ता, जिल्ला सदस्य मुक्तिनाथ यादव (भोला), सह-सचिव शंकर खत्रीलगायतले बोलेका थिए ।

भूमि प्रशासन कार्यालय भैरहवा रुपन्देहीबाट छुट जग्गा दर्ता सम्बन्धमा

जारी भएको ३५ दिने सार्वजनिक सूचना

जिल्ला रुपन्देही लुम्बिनी साँस्कृतिक नगरपालिका वडा नं. १० बस्ने राधेश्यम तेली, घनश्याम तेली, त्रिभुवन तेली र भारत तेली समेतको माग निबेदन अनुसार निजहरुको बाबु सुकई तेलीको मिति २०५७।१।१५ मा मृत्यु भईसकेको निजकी एकमात्र श्रीमती भुल्ठी तेलीको पनि मिति २०७९।९।९ मा मृत्यु भईसकेकोमा निजहरुको शेषपछिको हक खाने नजिकको हकदार निजको छोराहरु राधेश्याम तेली, घनश्याम तेली, त्रिभुवन तेली र भारत तेली मात्र रहेको हुँदा जिल्ला रुपन्देही मधुवनी गा.बि.स वडा नं. ६ ख कि.नं. ३२९, ३९३ ऐ.ऐ वडा नं. ७ ख कि.नं. १२९, र ऐ.ऐ वडा नं.८ कि.नं. ६३० समेतका कित्ता जग्गाहरु साविकदेखि नै हालसम्म भोगचलन गर्दै आएको साविकमा नापी भई दर्ता छुट हुन गएकाले मालपोत ऐन २०३४ को दफा ७ (२) र नेपाल राजपत्रमा मिति २०८०/१०/११ मा प्रकाशित सूचना बमोजिम छुट जग्गा दर्ता गरिपाउँ माग निवेदन पर्न आएकोले निवेदकको माग बमोजिम छुट जग्गा दर्ता गर्दा अन्य कसैको हकदैयामा असर पर्ने तथा उक्त जग्गा दर्ता गर्न नमिल्ने भए स-प्रमाण सहित आफै वा वारेसमार्फत यो सूचना प्रकाशन भएको बाटोको म्याद बाहेक ३५ दिनभित्र हकदावीको लागि आउनुहोला, अन्यथा सो म्याद नाघेमा कानून बमोजिम भईजाने ब्यहोरा अनुरोध छ।

जग्गाको बिवरण

जिल्ला	साविक गा.वि.स	वडा नं.	कित्ता नं	ज. वि	फिल्डबुकको विवरण
रुपन्देही	मधुवनी	६ ख	३२९	०-४-१२	स्पष्ट नभएको
रुपन्देही	मधुवनी	६ ख	३९३	०-३-१६	स्पष्ट नभएको
रुपन्देही	मधुवनी	७ ख	१२९	०-०-७	स्पष्ट नभएको
रुपन्देही	मधुवनी	८	६३०	०-६-५	स्पष्ट नभएको

ईति सम्बत २०८३ साल ०५ महिना ०८ गते रोज ०२ मा शुभम।

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्क:
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।
सम्पर्क:
तिनाउ सेनेटरी
बुटवल-१०, सुखखानगर, रूपन्देही,
फोन: ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्र: लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

रु.जि.हु.द.न.१३/०६३/०६४

२०८३ भदौ १५ गते, सोमबार
Monday August 31, 2026

न.प.जि.प्र.का.द.न.४/०४५/०४६

दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

उद्धार उडानको प्रतीक्षामा अलपत्र यात्री:
रसुवाको गोसाइकुण्डबाट फर्किएर अलपत्र अवस्थामा परेका यात्रीहरू धुन्चेस्थित नेपाली सेनाको ब्यारेकअघि उद्धार उडानमार्फत् आफ्नो गन्तव्यतर्फ जान पालो कुर्दै । तस्विर : रासस

वडाध्यक्ष केसीको घरदैलो अभियान :

ज्येष्ठ नागरिकलाई टोलमै सेवा

अनिल नेपाली
अर्घाखाँची

सन्धिखर्क नगरपालिका ७ ले वडा कार्यालयसम्म पुग्न समस्या हुने ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका नागरिकलाई लक्षित गरी टोल-टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरण गरेको छ। वडा अध्यक्ष चुराबहादुर केसीका अनुसार पहिलो चरणमा भालुखोला लगायतका स्थानमा पुगेर नवीकरण सेवा प्रदान गरिएको छ । आइतबार बिहानदेखि सुरु भएको अभियान क्रमशः वडाका विभिन्न टोलमा सञ्चालन गरिने उनले बताए । भदौ मसान्तसम्म सामाजिक सुरक्षा भत्ता लाभग्राहीले आफ्नो विवरण नवीकरण गरिसक्नुपर्ने भएकाले समयमै सेवा लिन वडा कार्यालयले आग्रह गरेको छ । टोलसम्म पुग्न नसक्ने ज्येष्ठ नागरिक, अशक्त तथा असहाय लाभग्राहीका लागि समेत वैकल्पिक व्यवस्थामार्फत् नवीकरणमा सहजीकरण गरिने अध्यक्ष केसीले जनाए । वडाले घर तथा टोलमै पुगेर सेवा दिन थालेपछि स्थानीय लाभग्राहीले सेवा सहज भएको भन्दै खुसी व्यक्त गरेका छन् । वडा सचिव सीता बिसि पराजुलीलगायत वडा सदस्य पुष्पा नेपाली कर्मचारी माया भट्टराईलगायतका जनप्रतिनिधि तथा कर्मचारीले समेत अभियानमा सहजीकरण गर्दै आएका छन् । अध्यक्ष केसीले ५० जना सेवाग्राहीले सेवा लिई लाभान्वित भएको बताए ।

सन्धिखर्क नगरपालिका-७ खाँचिकोटका वडाध्यक्ष चुरा ब. के.सी जिल्लाकै कान्छा वडाध्यक्षका रूपमा जनताको सेवामा सक्रिय देखिएका छन् । २०७९ साल बैशाखमा सम्पन्न स्थानीय तह निर्वाचनमा नेकपा एमालेको तर्फबाट वडाध्यक्षमा निर्वाचित केसीले निर्वाचित भएदेखि नै वडा कार्यालयको नियमित सेवासँगै नागरिकका समस्या समाधानलाई प्राथमिकता दिँदै आएका छन् ।

सामाजिक काममा भने उनको संलग्नता नयाँ होइन । २०६४ सालदेखि नै गाउँमा सामाजिक गतिविधिमा सक्रिय रहेका केसीले अध्ययनका क्रममा विद्यार्थी राजनीतिबाट आफ्नो सामाजिक तथा राजनीतिक यात्रा सुरु गरेका थिए । वडाध्यक्ष निर्वाचित भएपछि उनको अधिकांश समय नागरिककै सेवामा बित्ने गरेको छ । विदाका दिनबाहेक बिहान ९ बजे वडा कार्यालय पुग्ने र साँझ ५ बजेसम्म कार्यालयमै बसेर सेवाग्राहीका काम गर्ने गरेको उनी बताउँछन् । कार्यालयसम्म आउन नसक्ने तत्काल सहयोग आवश्यक परेका नागरिकको समस्या समाधानका लागि सम्बन्धित ठाउँमै पुग्ने गरेको उनको भनाइ छ ।

टोलमै पुगेर सामाजिक सुरक्षा भत्ता नवीकरण

नयाँ आर्थिक वर्ष सुरु भएसँगै वडाध्यक्ष केसीले भदौ महिनामा वडाका विभिन्न टोलमा अभियान सञ्चालन गरी सामाजिक सुरक्षा भत्ता लाभग्राहीको कार्ड नवीकरण गर्ने कामलाई प्राथमिकता दिएका छन् । विशेषगरी वृद्धवृद्धा, अशक्त तथा सहारावीहीन नागरिकलाई वडा कार्यालयसम्म आउनुपर्ने बाध्यता हटाउने उद्देश्यले टोल तथा घरमै पुगेर सेवा प्रदान गरिएको उनले जानकारी दिए ।

'वृद्ध बुबाआमा वडा कार्यालयसम्म आउन नसक्ने हुनुहुन्छ, कतिपय वृद्धवृद्धा सहारावीहीन नै हुनुहुन्छ,' उनले भने-'त्यसैले टोलमै पुगेर सेवा दिएको छु, हिँड्न नसक्ने अशक्त वृद्ध बुवाआमालाई घरमै पुगेर सेवा दिने गरेको छु ।'

वडामा रहेका अपांगता भएका व्यक्ति, एकल महिला तथा दलित समुदायका पाँच वर्षमुनिका बालबालिकाको सामाजिक सुरक्षा भत्ता कार्ड नवीकरणसमेत टोल तथा घरमै पुगेर गरिएको उनले जानकारी दिए । सामाजिक सुरक्षा भत्ता लिनसमेत नागरिकलाई सहज बनाउने उद्देश्यले बैंकसँग समन्वय गरेर आवश्यक प्रक्रिया पूरा गरी भत्ता घरमै उपलब्ध गराउने योजनामा आफू रहेको उनले बताए । 'जनतालाई नजिकको सरकारको अनुभूति दिलाउने गरी काम गर्नेछु,' उनी भन्छन्-'सरल, सहज, छिटोछरितो रूपमा सेवा प्रवाह गर्ने मेरो प्रयास हो । आवश्यक कागजात पूरा भएका सेवाग्राहीको काम सकेसम्म १५ मिनेटभित्रै सम्पन्न गर्ने गरी सेवा प्रवाह गरिरहेको छ ।'

अन्य सरकारी कार्यालयसँग समन्वय गर्नुपर्ने काममा केही समय लाग्न सक्ने भए पनि त्यस्ता सेवाग्राहीलाई सहजीकरण गरेर काम सम्पन्न गराउन आफूले सहयोग गर्ने उनले बताए ।

नागरिककै समस्या समाधानमा घरदैलो

वडाध्यक्ष केसीका अनुसार जनप्रतिनिधिको मुख्य जिम्मेवारी नागरिकको समस्या बुझ्नु र समाधानका लागि पहल गर्नु हो । त्यसैले कार्यालयमा आउने सेवाग्राहीसँगै नागरिकका समस्या बुझ्न आवश्यक पर्दा टोल तथा घरमै पुग्ने गरेका छौं ।

दिनको समयमा मात्र नभई आकस्मिक रूपमा नागरिकलाई समस्या परे रातिको समयमा समेत सम्बन्धित ठाउँमा पुगेर सहयोग गर्ने गरेको उनको भनाइ छ । वडाको विकास निर्माणमा समेत नागरिकलाई सँगसँगै लिएर अघि बढ्ने उनले जनाए । स्थानीय आवश्यकता पहिचान गरी उपलब्ध स्रोतसाधनको प्रभावकारी उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहलाई थप व्यवस्थित बनाउने उनको लक्ष्य छ ।

३४ वर्षको युवा उमेरमै वडाध्यक्षको जिम्मेवारी सम्हालिरहेका केसीको घरदैलोमै पुगेर सेवा दिने अभ्यासले स्थानीय नागरिकलाई प्रत्यक्ष लाभ पुगेको देखिन्छ । अब उनका आगामी कामले खाँचिकोटमा 'नजिकको सरकार'को अनुभूति नागरिकले कत्तिको पाउँछन् भन्ने विषय महत्वपूर्ण रहनेछ ।

राप्रपा रूपन्देहीको अध्यक्षमा पुनः राणा

भैरहवा । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) जिल्ला निर्वाचन समिति, रूपन्देहीले ४१ सदस्यीय नयाँ जिल्ला कार्यसमिति सर्वसम्मत रूपमा निर्विरोध निर्वाचित भएको घोषणा गरेको छ ।

आइतबार सम्पन्न सातौ जिल्ला अधिवेशनले सागर प्रताप राणाको अध्यक्षतामा गठित ४० सदस्य सर्वसम्मत चयन भएको हो ।

निर्वाचित सदस्यहरूमा बिक्रम के.सी., आबिद् अली पठान, चुन्न प्रसाद पौडेल, जितेन्द्र के.सी. खड्का, पदमा कुमारी थापा, तुफेल पठान, गुमान सिंह सोनी, छेदीलाल श्रीवास्तव, नरेन्द्र थापा, र भिम प्रसाद पाण्डे रहेका छन् ।

त्यस्तै प्रदिपकुमार कसौधन, सिला पासी, दिनाथ अहिर (यादव), ज्ञानेश श्रेष्ठ, ओम प्रकाश चौधरी (कुर्मी), रामबहादुर थापा, प्रेमबहादुर भण्डारी, खोमबहादुर सिंह, उमा देवी खवास, र शिव कान्ति चमार (हरिजन) पनि निर्विरोध निर्वाचित भएका छन् ।

सर्वसम्मत हुने अन्य सदस्यहरूमा रफिक शाह, मुक्तिनाथ यादव, अहमद अली शाह, रविन्द्रकुमार पाण्डे, सलमान अहमद खाँ, इशान भण्डारी, शंकर खत्री, राधिका पाण्डे, नाजिर अली, सनोजकुमार यादव, अरूणा हमाल ठकुरी, र हरिबहादुर के.सी. छन् । सदस्यहरूमा राजेन्द्रप्रसाद सहानी, पम्फा कुमारी कुँवर, दिलीप ब. खत्री तिबारी, मनमोहन न्यौपाने, राजेश कुमार ढकाल, रामु बरई, शाहरूख पठान, र जगत बहादुर क्षेत्री (जि.सी) सर्वसम्मत रूपमा चयन भएका छन् ।

सहमति र सहकार्यको वातावरण कायम गर्दै सबै क्षेत्र, वर्ग र समुदायको प्रतिनिधित्व सुनिश्चित हुने गरी सिङ्गो समिति निर्विरोध निर्वाचित गरिएको निर्वाचन समितिले जनाएको छ ।

न्यू होराइजन स्पोर्ट्स क्लबमा नयाँ कार्यसमिति

बुटवल । न्यू होराइजन स्पोर्ट्स क्लब बुटवलको तेस्रो अधिवेशनले चेतबहादुर उचै ठकुरी अध्यक्ष रहेको १५ सदस्यीय कार्यसमिति निर्वाचित गरेको छ । ठकुरी यस अघि पनि अध्यक्ष थिए । आइतबार बुटवलमा सम्पन्न क्लबको छैटौं बार्षिक साधारणसभा तथा अधिवेशनले सर्वसम्मतरुपमा दुई वर्षे कार्यकालका लागि नयां कार्यसमिति चयन गरेको हो ।

क्लबको वरिष्ठ उपाध्यक्ष बालकृष्ण बस्याल, उपाध्यक्षमा लीला खनाल,सचिवमा मिलन राना, कोषाध्यक्षमा कुशल बस्याल, सह-सचिवमा नरेन्द्र कुमार सारु र सह-कोषाध्यक्षमा मिनुप्रसाद पौडेल निर्वाचित भएका छन् ।

यस्तै कार्यसमिति सदस्यहरूमा जिवलाल ज्ञवाली, श्रीमणि न्यौपने, सोमबहादुर थापा, मनोज गुरुङ, हिमकुमारी थापा, अम्बिका राना, खुशी खांड र महेन्द्रबहादुर सुनार निर्वाचित भएका छन् ।

नयाँ निर्वाचित कार्यसमितिलाई निर्वाचन समिति संयोजक एवं न्यू होराइजन अंग्रेजी आवासीय माध्यमिक विद्यालयका प्राचार्य बासुदेव अर्याल, निवर्तमान प्राचार्य लोकनाथ उपाध्याय, क्लबका संस्थापक अध्यक्ष प्रकाश खनाललगायतले पद तथा गोपनियताको सपथ ग्रहण गराएका थिए ।

नव निर्वाचित कार्यसमितिका सचिव मिलन रानाले आगामी दुई वर्षे कार्यकालमा क्लबले विभिन्न विधाका खेल प्रतियोगिता सञ्चालन गर्नुका साथै खेलाडी उत्पादन र सामाजिक काममा पनि सक्रिय रहने बताए ।

कार्यक्रममा विद्यालयका निवर्तमान प्राचार्य लोकनाथ उपाध्याय, वर्तमान प्राचार्य बासुदेव अर्याल, क्लबका संस्थापक अध्यक्ष प्रकाश खनाललगायतले बोल्दै क्लबले गरेका गतिविधिले खेलकुदमा पनि विद्यालयलाई अब्बल बनाउन योगदान गरेको भन्दै सराहना गरेका थिए ।

क्लबका अध्यक्ष चेतनबहादुर उचै ठकुरीको अध्यक्षता, उपाध्यक्ष बालकृष्ण बस्यालको स्वागत र सचिव लिला खनालको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो । अधिवेशनले क्लबको विधान संशोधनका लागि कानूनी सल्लाहकार एवं विद्यालयका उपप्राचार्य राजेश पाण्डेलाई जिम्मेवारी दिएको छ ।

क्लबमा ८२ जना सदस्य, २ जना आजीवन सदस्य रहेकामा वार्षिक साधारणसभाकै अवसरमा विद्यालयका निवर्तमान प्राचार्य लोकनाथ उपाध्याय र निवर्तमान उपप्राचार्य बालकृष्ण भण्डारीले क्लबको आजीवन सदस्यतता लिने घोषणा गरेका थिए ।

आफन्तको आक्रोश :

कि सास देऊ कि लाश

बुटवल । बाढीका कारण नुवाकोटमा निर्माणाधीन २१६ मेगावाटको माथिल्लो त्रिशूली-१ जलविद्युत् आयोजनामा फसेका आफन्तको अवस्था पाँच दिन बितिसक्दा पनि यकिन हुन नसकेपछि परिवारका सदस्यहरू आक्रोशित बनेका छन् । फसेकाहरूको उद्धारमा ढिलाइ भएको भन्दै उनीहरूले काठमाडौंको थापाथलीस्थित नेपाल वाटर एन्ड इनर्जी डेभलपमेन्ट कम्पनी (एनडब्लूईडीसी) को कार्यालयमा पुगेर तत्काल अवस्था सार्वजनिक गर्न माग गरेका छन् ।

'हाम्रा मान्छे जीवित छन् भने उद्धार गर, छैनन् भने लाश देऊ ।'- आफन्तहरूले कम्पनीका प्रतिनिधिसँग आक्रोश पोखेका छन् । माथिल्लो त्रिशूली-१ को प्रवर्द्धक एनडब्लुईडीसी हो । एनडब्लुईडीसीले दक्षिण कोरियाको कोरिया साउथ-इस्ट पावर कर्पोरेसन, केआईएनडी, आईएफसी लगायतका साझेदार कम्पनीसँग मिलेर आयोजना निर्माण गरिरहेको छ । कम्पनीका अनुसार आयोजनाको सुरुङभित्र मात्रै ५७६ जना कामदार फसेका छन् । त्यस्तै मैलुङमा रहेको साइट कार्यालयमा रहेका केही व्यक्ति पनि सम्पर्कविहीन छन् । साइट कार्यालयमा रहेका व्यक्तिहरूको अवस्था अज्ञात रहँदा उनीहरूका आफन्त आक्रोशित बनेका हुन् । उक्त साइट कार्यालयमा ७५ जना रहेका थिए । उनीहरूमध्ये कतिपयको अवस्था अज्ञात रहेको छ । आफ्ना जेठान दीपक खरेल आयोजनाको साइट कार्यालयमा फसेको भन्दै विराटनगरबाट काठमाडौं आएका एक आफन्तले पाँच दिनसम्म अवस्था पत्ता लगाउन नसक्नु कम्पनी र सरकारको लाचारीपन भएको बताए ।

उनले कम्पनीले पाँच दिनदेखि आश्वासन मात्रै दिइरहेको आरोप लगाए । 'अहिलेसम्म कम्पनीको तर्फबाट हामीलाई केही भएको छैन भन्दै झुक्याउने काम भइरहेको छ । पाँच दिन भयो, आश्वासन मात्र छ,' उनले भने-'हामीलाई कि सास चाहियो, कि लाश चाहियो । हाम्रो मान्छेको अवस्था के हो, यकिन जानकारी चाहियो ।'

आयोजना निर्माण गरिरहेको कोरियन कम्पनी अहिले उद्धारको कामबाट पन्छिन खोजेको उनको आरोप छ ।

आयोजनाको साइट कार्यालयमा कार्यरत आफ्नो फुपुको छोरोका अवस्थाबारे बुझ्न कार्यालय पुगेकी एक महिलाले कम्पनीसँग आयोजनामा कार्यरत कर्मचारीको यकिन विवरणसमेत सुरक्षित नरहेको भन्दै आक्रोश पोखिन् । उनका अनुसार परिवारका सदस्यहरू कम्पनीमा पुगेर सुरुङ, क्याम्प, मुख्य कार्यालयलगायतका क्षेत्रमा को को थिए भनेर जानकारी मागेका थिए । तर कम्पनीले ढिला गरी विभिन्न विभागमा रहेका कर्मचारीको सूची मात्रै उपलब्ध गराएको थियो । त्यसमा ड्राइभर, प्रशासन, इन्जिनियर, निर्माण मिस्त्री तथा कार्यालय कर्मचारी गरी करिब ५१ जनाको विवरण रहेको उनले बताइन् ।

सुरुङभित्र रहेका तथा मैलुङ क्याम्पमा रहेका व्यक्तिहरूको अवस्थाबारे अझै स्पष्ट जानकारी नदिइएको उनको गुनासो छ । आफ्नो दिदीको छोरा सौभाग्य विष्ट आयोजनामा फसेको भन्दै रिता कटवाल पाँच दिनदेखि कम्पनी धाइरहेकी छन् । उनका अनुसार बाढी आउनुअघि सौभाग्यले नै आफूहरूलाई सुरक्षित स्थानतर्फ जान आग्रह गर्दै फोन गरेका थिए । मैलुङमा रहेको क्याम्प र त्यस आसपासको क्षेत्रमा खोज तथा उद्धार किन तत्काल हुन सकेन भन्दै उनले प्रश्न गरिन् ।

उनका अनुसार कम्पनी एनडब्लुईडीसीले आफ्नो जिम्मेवारी नभएको र कोरियन कम्पनी जिम्मेवार रहेको बताउने गरेको छ । तर कोरियन कम्पनीको नेपालमा छुट्टै कार्यालयसमेत नभएको जवाफ आफूहरूले पाएको उनले बताइन् । आफन्तहरू आक्रोशित भइरहेका बेला आयोजनाको निर्माणमा संलग्न कम्पनीले भने उद्धारका लागि आफूहरूले प्रयास गरिरहेको दाबी गरेको छ । कम्पनी पक्षले उद्धारका लागि हेलिकप्टर प्रयोग गर्न खोजिए पनि नेपाल सरकारले अनुमति नदिएको कम्पनीका एक अधिकारीले बताए । उनका अनुसार उद्धारका लागि ५ वटा हेलिकप्टर तयारी अवस्थामा राखिएको थियो तर, सरकारले अनुमति नदिँदा उडाउन नसकिएको बताए । 'हामीले ५ वटा हेलिकोप्टर तयारी अवस्थामा राखेका छौं । तर, सरकारले अनुमति दिएको छैन ।'- कम्पनीको एक कोरियन प्रतिनिधिले भने ।

आफन्तहरू भने यस्तो अवस्थामा सरकार, आयोजना प्रवर्द्धक र निर्माण कम्पनीले एकअर्कालाई जिम्मेवारी पन्छाएर बस्न नमिल्ने बताउँछन् ।

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com